नेपालसरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

# तथ्याङ्क समन्वय कार्यालय, कास्की

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम ३ बमोजिम अद्यावधिक तथा प्रकाशित विवरण**

## आ.व. २०८१/०८२ (२०८२ वैशाख देखि २०८२ असार मसान्त) सम्म

### १. निकायको स्वरुप र प्रकृति

तथ्याङ्क ऐन २०७९ तथा नियमावली २०८१ मा भएको व्यवस्था बमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्यसम्पादनमा सघाउ पुर्याउने उद्देश्यले ७७ वटा जिल्लाहरूको कार्य हेर्ने गरी १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरूको गठन गरिएको छ जस मध्ये तथ्याङ्क समन्वय कार्यालय, कास्कीको कास्की, तनहुँ र नवलपरासी वर्दघाट सुस्ता पूर्व जिल्ला कार्य क्षेत्र हुने स्थापना भएको छ। तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली २०८० बमोजिम तथ्याङ्क सङ्कलन संग्रह, प्रकाशन र विश्लेषण गर्ने समेत को प्रयोजनमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने गणना, सर्वेक्षण तथा सूचकहरूको निर्माणको लागि प्राप्त निर्देशन कार्यान्वयन गर्न नेपाल सरकारबाट राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतमा तथ्याङ्क समन्वय कार्यालयको लागि विभिन्न दरबन्दी स्वीकृत गरिएको हो। तथ्याङ्क समन्वय कार्यालयको कार्यालय प्रमुखमा रा.प.द्बितीय श्रेणीको तथ्याङ्क समन्वय अधिकारी (उप सचिव) को दरबन्दी रहेको छ। कार्यालयको कार्य वोझ हेरी तथ्याङ्क सम्बन्धी प्रयोजनका लागि अन्य राज पत्रांकित,राजपत्र अनंकित प्राविधिक र प्रशासनिक कर्मचारीको दरबन्दीको व्यवस्था गरिएको छ।

### २.निकायको काम, कर्तव्य र अधिकार

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आफ्नो क्षेत्रमा सञ्चालन गरिने गणना एवं सर्वेक्षणमा संलग्न हुने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्ला स्तरमा सञ्चालन हुने तालिम कार्यमा सघाउ पुर्‍याउने र स्थानीयस्तरमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने तालिम सञ्चालन गर्ने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयले जिल्लाबाट संकलन गर्न अहाएका द्बितीय तथ्याङ्क संकलन गर्ने,
- प्रदेश/जिल्ला/स्थानीय तहहरुको तथ्याङ्क प्रोफाइल तयार पार्ने,
- वडा र गणना क्षेत्रको सीमाना, धरातल र घरपरिवारको निर्दिष्ट स्थान छुट्ट्याउने गरी नक्सांकन गर्ने,

- कार्यक्षेत्र भित्रको तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय
- प्रदेश/जिल्ला/स्थानीय तहहरुको विकासको लागि आवश्यक तथ्याङ्क उपलब्ध भए नभएको मुल्याँकन गर्ने
- तथ्याङ्क विकास कार्यक्रम बनाइ कार्यान्वयन गर्ने
- स्थानीय स्तरमा तथ्याङ्क पैरवी तथ्याङ्किय साक्षरता, सरकारी कार्यालय तथा अन्य प्रयोगकर्ताहरुबाट माग भएका बखत तथ्याङ्कीय सेवा उपलब्ध गराउने

**३. निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण:**

३.१ स्वीकृत कर्मचारी दरवन्दी संख्य १७ जना

३.२ कर्मचारी कार्यरत संख्या १४ जना

३.३ करारसेवा कर्मचारी २ जना(स्वीकृत दरबन्दीबाहेक हल्का सवारी चालक १)

**३.५.१ तथ्याङ्क शाखा:**

१.प्रदेशमा सञ्चालन हुने गणना, सर्वेक्षण र क्षमता बिकाससम्बन्धी तालिम, कार्यशाला, गोष्ठीमा आवश्यक समन्वय गर्ने

२. गणना क्षेत्र नक्शाङ्कन सम्बन्धी कार्यहरू गर्ने

३. प्रादेशिक तथ्याङ्क प्रकाशन, वितरण तथा तथ्याङ्किय सारक्षतासम्बन्धी कार्य गर्ने

४. स्थानीय तहहरूसंग समन्वय गरी National Data Profile को कार्यन्वयनसम्बन्धी कार्य गर्ने

५. कार्यालयको नीति, योजना र कार्यक्रम तयार गर्ने तथा सोको प्रगती विवरण तयार गर्ने

७. राष्ट्रिय तथ्याङ्क कार्यालयले गर्ने गणना तथा सर्बेक्षणहरूको सञ्चालन, व्यवस्थापन, सुपरिवेक्षण, तथ्याङ्क प्रविष्टि तथा प्रदेश स्तरीय
प्रतिवेदन तयारीसम्बन्धी कार्य गर्ने

८. प्रदेश र स्थानीय तहका सम्बन्धित सूचकहरू समेटी प्रदेश तथा स्थानीय तहका प्रतिवेदन एवम् प्रोफाइल तयारी गर्ने

९. प्रदेशको बार्षिक तथा त्रैमासिक कुल गार्हस्थ उत्पादन तथा मूल्य सूचकांक निर्माणसम्बन्धी कार्य गर्ने

**३.५.२ प्रशासन शाखाः**

१. कार्यालयको कर्मचारी प्रशासनसम्बन्धी कार्यहरू गर्ने
२. पत्र व्यवहार, कर्मचारीको हाजिरी, विदा, काज आदिको विवरण अद्यावधिक गर्ने, अभिलेख राख्ने
३. खरिद, भण्डारण र माग-फाराम स्वीकृत भै आएका सामानहरू निकासा गर्नेसम्बन्धी कार्यको व्यवस्थापन गर्ने

४. कार्यालयको भवन, मेशिनरी लगायत सबै साधनको मर्मत, संभार, लिलाम, मिनाहा र कार्यालय सरसफाई सम्बन्धी कार्यहरूको व्यवस्थापन गर्ने
५. कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदन तयारीसम्बन्धी कार्य गर्ने
६. कार्यालयको खानेपानी, ढल निकास, विजुली तथा टेलिफोन व्यवस्था चालु राख्ने
७. तथ्याङ्क समन्वय अधिकारीबाट राय माग भएका फाइल/कागजातमा सम्बन्धित कानुन, स्वीकृत नर्म्स, मापदण्ड, विधि र प्रकृया अनुरूप राय परामर्श उपलब्ध गराउने
८. प्रमुख तथ्याङ्क अधिकारीबाट राय माग भएका फाइल/कागजातमा सम्बन्धित कानुन, स्वीकृत नर्म्स, मापदण्ड, विधि र प्रकृया अनुरूप राय परामर्श उपलब्ध गराउने

**४.निकायबाट प्रदान गरिने सेवा:**

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट छानिएका क्षेत्रमा प्राप्त निर्देशन अनुसार अन्तर्वार्ता/ प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क संकलन गर्ने,
- तथ्याङ्क कार्यालयका प्रकाशन एवं रा.त.का.बाट प्राप्त तथ्याङ्क एवं प्रकाशनहरू विभिन्न व्यक्ति, संघसंस्था र कार्यालयहरूलाई उपलब्ध गराउने,
- रा.त.का.बाट प्राप्त तथ्याङ्क एवं प्रकाशनहरूको अभिलेख राख्ने
- जिल्लाका सरकारी एवं गैरसरकारी कार्यालय, तथ्याङ्क प्रयोगकर्ताहरू बीच गोष्ठी, बैठक, आदि मार्फत समन्वयको कार्य गर्ने ।

**५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

५.१ तथ्याङ्क शाखा

तथ्याङ्क अधिकृत श्री जीवनाथ आचार्य

५.२ प्रशासन शाखा

तथ्याङ्क अधिकृत श्री इन्द्रविलास कोइराला

**६.सेवा प्राप्त गर्ने लाग्ने दस्तुर र अवधि नियमानुसार**

६.१ गणनाको सूक्ष्म कोरा तथ्याङ्क

नेपाल स्थित विद्यालय/ क्याम्पस/विश्वविद्यालयका विद्यार्थीका लागि रु. ४,०००।-,नेपाल स्थित विद्यालय/ क्याम्पस/विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिकका लागि रु. ५,०००।- र सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्थाका लागि रु ८,००।

६.२ सर्वेक्षणको सूक्ष्म कोरा तथ्याङ्क

नेपाल स्थित विद्यालय/ क्याम्पस/विश्वविद्यालयका विद्यार्थीका लागि रु. २,५००।-,नेपाल स्थित विद्यालय/ क्याम्पस/विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिकका लागि रु. ३,०००।- र सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्थाका लागि रु ५,००।

६.३ सेवा प्राप्त गर्ने अवधिः राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र

६.४ अन्य तथ्याङ्कको हकमा १० पेज सम्मको सूचना निःशुल्क सो भन्दा माथि भएमा प्रति पेज रु.५। दस्तुर लाग्ने सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने।

**७.उजुरी, निवेदन उपर निर्णय गर्ने अधिकारी,**

तथ्याङ्क समन्वय अधिकारी श्री नन्दलाल सापकोटा

## ८. सूचना प्रकाशनको अवधिमा सम्पादन गरेको कामको विवरण

- त्रैमासिक तथा बार्षिक  राष्ट्रियलेखा सम्बन्धी तथ्याङ्क संकलन तथा प्रविष्टी कार्य सम्पन्न
- निर्माण सामग्रीहरुको मुल्य  सम्बन्धी तथ्याङ्क संकलन तथा प्रविष्टी कार्य सम्पन्न
- प्रमुख कृषी तथा पशुपंक्षीजन्य उत्पादनहरुको मुल्य सम्बन्धी तथ्याङ्क संकलन तथा प्रविष्टी कार्य सम्पन्न
- औद्योगिक उत्पादनको मूल्य तथा उत्पादकको मूल्य  सम्बन्धी तथ्याङ्क संकलन तथा प्रविष्टी कार्य सम्पन्न
- आन्तरिक पर्यटन सर्वेक्षणको तथ्याङ्क संकलन कार्य सम्पन्न
- व्यवसायिक कुखुरा सर्वेक्षणको सूचिकरण तथा मुख्य फिल्ड कार्य सम्पन्न
- अस्थायी वाली लागत उत्पादन सर्वेक्षणको तथ्याङ्क संकलन तथा प्रविष्टि कार्य सम्पन्न
- माछापालन कृषकहरुको सूचिकरण कार्य  सम्पन्न
- निजी शिक्षण संस्था सर्वेक्षण २०८१ को मुख्य फिल्ड तथ्याङ्क संकलन तथा प्रविष्टि कार्य सम्पन्न
- व्यावसायिक रजिष्टर सम्बन्धी तथ्याङ्क संकलन र प्रविष्टी कार्य सम्पन्न
- गण्डकी प्रदेश सामाजिक-जनसांखिक सूचक २०२५, गण्डकी प्रदेश जनसांखिक सूचक, गण्डकी प्रदेश पर्यटकीय गतिविधि २०८१, देवचुली नगरपालिका वस्तुगत विवरण २०८१, रुपा गाउँपालिका वस्तुगत विवरण २०८१, म्याग्दे गाउँपालिका वस्तुगत विवरण २०८१  विवरण सम्बन्धी तथ्याङ्क संकलन कार्य सम्पन्न तथा प्रकाशन कार्य सम्पन्न
- राष्ट्रिय लेखा आधार वर्ष परिवर्तनका लागि विभिन्न सर्वेक्षणहरुको तथ्याङ्क संकलन तथा प्रविष्टि कार्य सम्पन्न
- नाफा नकमाइ घरपरिवारलाई सेवा गर्ने संस्थाहरुको तथ्याङ्क संकलन कार्य सम्पन्न
- तथ्याङ्कीय साक्षरता तथा राष्ट्रिय तथ्यगत विवरण,आर्थिक गणना तथ्याङ्क आवश्यकता,गणना तथा सर्वेक्षण सम्बन्धी गोष्ठी,जनसंख्या प्रक्षेपण सम्बन्धी तालिम सम्पन्न
- पुराना मालसामानको लिलाम बिक्री कार्य सम्पन्न

- ई-हाजिरी शुरुवात गरिएको
- कार्यालयका सबै कोठामा नेटवर्किङ्ग गरिएको।

**९. सूचना अधिकारीको नाम र पद**

सूचना अधिकारी श्री जीवनाथ आचार्य, तथ्याङ्क अधिकृत

**१०.ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,**

- तथ्याङ्क ऐन, २०७९
- तथ्याङ्क नियमावली २०८०

**११.आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

| बजेट उपशिर्षक नं. ३०१०८०१२ | | | | |
|---|---|---|---|---|
| क्र.स. | विवरण | वजेट | खर्च | कैफियत |
| १. | बार्षिक स्वीकृत बजेट | रु २,५५,३८,०००। | १,८०,०१,८९०।३० | |
| २. | चालु खर्च कार्यक्रम तर्फको जम्मा | रु २,३५,३८,०००। | १,६९,३७,४१९।२८ | |
| ३. | पूँजिगत खर्च तर्फको जम्मा | रु २०,००,०००। | १८,२३,६७१।०२ | |
| ४. | विविध खर्च रु | रु २,४०,८००। | रु २,४०,८००। | |

**१२.सार्वजनिक निकायको वेबसाइट तथा इमेल:**

बेवसाइट:scokaski.nsonepal.gov.np

इमेल:scokaski@nsonepal.gov.np

**१३.**सम्पर्क ठेगाना :

तथ्याङ्क समन्वय कार्यालय

पोखरा, कास्की

फोन नं: ०६१-४५५३१३/४५१३१३